# नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेड

## एघारौं बार्षिक साधारण सभाको कामकारवाहीको विवरण (माइन्युट)

१. **वैधानिक सभा:**

नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेडको सञ्चालक समितिको निर्णयानुसार बोलाइएको एघारौं बार्षिक साधारणसभा सञ्चालक समितिका अध्यक्ष श्री जगदीश प्रसाद अग्रवालज्यूको अध्यक्षतामा देहाय बमोजिम सु-सम्पन्न भयो ।

२. **सभाको मिति, स्थान र समय:**

मिति : २०६५ पौष २ गते बुधबार (१७ डिसेम्बर, २००८)
स्थान : उद्योग संगठन मोरङ्गको सभाकक्ष, शहीद मार्ग, तिनपैनी, विराटनगर
समय : अपरान्ह १२:३० बजे
(हाजिरी विहान ११:३० बजेदेखि १:३० बजे सम्म)

३. **उपस्थिति:**

**सञ्चालकहरुको उपस्थिती:**

क) श्री जगदीश प्रसाद अग्रवाल – अध्यक्ष
ख) श्री तुलसीराम अग्रवाल – सञ्चालक
ग) श्री निर्मल कुमार अग्रवाल – सञ्चालक
घ) श्री राजेन्द्र अर्याल – सञ्चालक

**पदाधिकारीहरुको उपस्थिती:**

क) श्री सशिन जोशी – प्रमुख कार्यकारी अधिकृत
ख) श्री निरज श्रेष्ठ – महाप्रबन्धक-बिजनेश बैंकिङ्ग तथा कम्पनी सचिव
ग) श्री गोपाल राजबाहक – लेखापरीक्षक
घ) बरिष्ठ अधिवक्ता श्री रामप्रसाद सिटौला – निर्वाचन अधिकृत

४. **सभाको सुचना:**

एघारौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना तथा संक्षिप्त वार्षिक आर्थिक प्रतिवेदन शेयरधनीहरुले बैंकलाई उपलब्ध गराएको ठेगानामा पठाउनुका साथै सभा बस्ने बारेको सूचना क्रमश: राष्ट्रिय दैनिक नेपाल समाचारपत्रमा २०६५ मंसिर ६ गते र अन्नपूर्ण पोष्टमा २०६५ मंसिर ११ गते प्रकाशित गर्नुका साथै बैंकको वेब साईटमा समेत राखी शेयरधनी महानुभावहरुलाई सार्वजनिक रुपले सूचित गरिएको थियो ।

५. **सभामा भएका छलफलका विषयहरु:**

(क) **सामान्य प्रस्ताव:**

१) आ.व. २०६४/६५ को सञ्चालक समितिको प्रतिवेदन छलफल गरी पारित गर्ने ।
२) लेखापरिक्षकको प्रतिवेदन सहितको २०६५ साल आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०६४/६५ को नाफा–नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।

३) सञ्चालक समितिले सिफारिस गरे बमोजिम १.०५२६% का दरले लाभांश वितरण गर्न स्वीकृत गर्ने ।
४) आर्थिक वर्ष २०६५/६६ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने (हाल वहालवाला लेखापरिक्षक श्री गोपाल प्रसाद राजवाहक, जि.पि राजवाहक एण्ड कम्पनि पुन: नियुक्त हुन योग्य हुनुहुन्छ ।)
५) समुह "ख" का सर्वसाधारण शेयरधनीहरुमध्येबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्ताव:**

१) सञ्चालक समितिले सिफारिस गरे बमोजिम चूक्ता पूंजीको २० प्रतिशत अर्थात ५:१ (५ शेयर बराबर १ शेयर) को अनुपातमा बोनस शेयर जारी गर्ने र सोही हदसम्मको पूंजी बृद्धि गर्ने ।
२) समुह "क" का संस्थापक शेयरधनीहरुले हाल धारण गरेको चूक्ता पूंजीको ६५% शेयर मध्ये १४% शेयर "ख" समुहका सर्वसाधारण शेयरधनीहरुको समूहमा रहने गरी साधारण शेयर तर्फ परिणत गर्ने ।
३) प्रस्तुत् विशेष प्रस्तावहरु र संचालक समितिका सदस्यहरुको बैठक भत्तामा वृद्धि हुने भएबाट प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने ।

**(ग) विविध**

६. **शेयरधनीहरुको उपस्थिती:**

| कुल शेयधनीको संख्या | स्वयं उपस्थित | प्रतिनिधीपत्रद्वारा उपस्थित | जम्मा उपस्थित | बाँडफाँड भएको शेयरको सभामा प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|
| ३२६५३ (क-ख समूह) | २०९ | १०२ | ३११ | ६८.०४ |

७. **गणपुरक संख्या एवम् वैधानिकता:**

सभाको प्रारम्भमा बोर्ड सचिवले यस साधारणसभा प्रचलित ऐन कानून बमोजिम बोलाइएको र सभा गर्न बैंकको नियमावली र कम्पनी ऐन, २०६३ बमोजिम आवश्यक गणपूरक संख्या पुगेको जानकारी सभालाई अवगत गराउनु हुँदै आजको यस सभाको अध्यक्षता गरी दिन सञ्चालक समितिका अध्यक्ष श्री जगदीश प्रसाद अग्रवालज्यूलाई अनुरोध गर्नु भयो । यसरी आवश्यक गणपूरक संख्या विद्यमान रहेको र प्रचलित कानूनको पालना भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६९ का अधिनमा रही सभा विधिवत प्रारम्भ भयो ।

८. **सभाको अध्यक्षता:**

सभाको अध्यक्ष श्री जगदीश प्रसाद अग्रवालज्यूले वार्षिक साधारण सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनीमहानुभावहरुको हार्दिक स्वागत गर्दै काम कार्वाही अगाडी बढाउनु भयो ।

९. **वार्षिक प्रतिवेदन तथा प्रस्तावहरुको प्रस्तुति:**

अध्यक्षज्यूले आफ्नो मन्तब्य पढेर सुनाई सकेपछि सञ्चालक समितिको प्रतिवेदन र लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०६४/०६५ को नाफा नोक्सान हिसाव र वासलात छलफलका लागि सभामा प्रस्तुत गर्नुभयो । यसै क्रममा निम्न लिखित महानुभावहरुले जिज्ञासा, प्रश्न, सुझाव तथा मन्तव्य सभामा प्रकट गर्नु भयो:

१. श्री भगवती प्रसाद अगरवाल
२. श्री राजेन्द्र सुनुवार
३. श्री लवराज जोशी
४. श्री नारायण सुन्दर श्रेष्ठ

**सभामा प्रकट जिज्ञासाहरुः**

**श्री भगवति प्रसाद अगरवाल**

१. Expenses Relating to Board of Directors अन्तर्गत कुन कुन संचालकलाई कति कति मासिक भत्ता दिइएको छ ?

२. Provision for Staff Bonus अन्तर्गतको रकम १०% ले ३,९०,७१,१९६/- हुनुपर्नेमा रु. ३,५५,१९,२६४/- रहेको देखिन्छ, उक्त फरक रकम कसरी हुन गएको हो ?

३. सर्बसाधारण शेयरधनीहरुका तर्फबाट ३ जना संचालकको लागि निर्वाचन हुनपर्नेमा किन २ जनाको लागि मात्र भयो ?

४. Advertisements मा पनि गत: वर्षको दाँजोमा किन बढी खर्च भएको हो ?

५. Loan Loss Provision Written Back अलि बुझ्न सकिएन स्पष्ट गरि दिनु पऱ्यो ।

६. Note's to Accounts मा उल्लेख्य Transaction in Gold अन्तर्गत Contingent assets को column छैन, यसलाई कहाँ देखाइएको छ ?

७. Interest Written Off अर्न्तगत कसलाई के को लागि ब्याज छुट दिइएको हो ?

**श्री लवराज जोशी**

१. गत आ.व. २०६४/६५ मा भएको खुद मुनाफाको ५३% को वृद्धिलाई सकारात्मक मान्दै Non Performing Assets १.११% बाट ०.८६% मा झर्नुलाई बैंकको सफलताको रुपमा प्रस्तुत ।

२. Non Interest Borrowing बढाउदा बैकलाई लाभ हुने दृष्टिकोण राख्दै Margin Deposit बढाउन सके राम्रो हुने सुझाव व्यक्त ।

३. निम्न विषयहरुमा थप जिज्ञासा राख्नु भयो :
   - कमलादी र बिराटनगरमा खरिद गरिएका जग्गा र त्यसमा बन्ने भवनको विवरण के छ ?
   - राष्ट्र बैकको निर्देशन बमोजिम वि.सं. २०७० साल सम्ममा रु. २ अरव पूंजी पुऱ्याउने बैकको Capital Plan कस्तो छ ?
   - कर्मचारीलाई आ-आफ्नो क्षमता अनुसारको काममा लगाउनको लागि विभिन्न समयमा आवश्यकता अनुसार Training Programme को संचालन गरिएको छ छैन ?
   - Manpower Retention गर्ने के कस्तो Motivated Programme हरु ल्याइएको छ ?

**श्री नारायण सुन्दर श्रेष्ठ**

१. Deposit, Total Assets, Non Banking Assets को अवस्था सन्तोषजनक भएको स्पष्टोक्ती ।

२. पुरानो संचित कोषबाट रकम तानेर वोनस दिनुको कारण के हो ? संचित कोष व्यवस्थित गर्ने सम्बन्धमा सुझाव ।

३. हकप्रद शेयर जारी गर्न सुझाव ।

४. पूंजीमा बृद्धि गरि खर्चलाई कम गर्नु पर्ने सुझाव ।

यसै गरी शेयरधनी श्री राजेन्द्र सुनुवारले बैकले हकप्रद शेयर दिनुपर्ने कुरा उठाउनु भएको थियो भने अन्य ४० जना शेयरधनीहरुले लिखित रुपमा संयुक्त रुपले आफ्ना मन्तव्यहरु प्रस्तुत गर्नु भयो । लिखित मन्तव्यमा शेयरधनी महानुभावहरुले बैकले स्थापना काल देखि नै प्रगति हासिल गर्दै आईरहेको र यस आ. व. मा पनि उल्लेख्य मात्रामा मुनाफा आर्जन गर्न सफल भएको प्रसङ्ग उल्लेख गर्दै ५०% हकप्रद शेयर

प्रदान गर्न अनुरोध गरिएको थियो । त्यसैगरि बैंकको क्षेत्रीय कार्यालयहरुमा आफ्नै ATM मेशिन राख्नुपर्ने, हरेक शेयरधनीले ४ सदस्यको नाममा बिमावाला खाता खोल्न पाउनुपर्ने, साधारण सभामा भाग लिन आउने सदस्यहरुलाई भत्ताको व्यवस्था गर्नुपर्ने जस्ता विषयहरु समेटिएको शेयरधनीहरु श्री परेश तुलाधर, श्री सनत बराल, श्री जगत पराजुली, श्री सुरेश श्रेष्ठ समेतद्वारा प्रस्तुत लिखित मन्तव्य बैंकका प्रमुख कार्यकारी अधिकृत श्री सशिन जोशीले पढेर सुनाउनु भयो ।

**सभामा उठेका प्रश्न तथा जिज्ञासाहरुको प्रत्युत्तरको प्रस्तुतिकरणः**

अध्यक्षज्यूको आज्ञाले बैंकका प्रमुख कार्यकारी अधिकृत श्री सशिन जोशीज्यूले दिनु भएको समहुगत जवाफ:

बैंकले प्राप्त गरेको सफलता प्रति शेयरधनी महानुभावहरुले देखाउनु भएको विश्वास प्रति धन्यवाद व्यक्त गर्दछौं । शेयरधनी महानुभावहरुले दर्शाउनु भएको आस्था र समर्थनबाट नै बैंक एक पछि अर्को फड्को मार्दै यस स्थानसम्म आईपुग्न सफल भएको छ र बैंकको व्यवस्थापन अझ उत्साहित र उर्जायुक्त भएको छ । बैंकले गरेको क्रियाकलाप सम्बन्धि आर्थिक विवरणको सुक्ष्म विश्लेषण गरेर आफ्ना धारणा राख्नु भएकोमा सवै शेयरधनी महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दछु भन्नुभयो ।

१. संचालक समितिको भत्ताका सम्बन्धमा बैंकको संक्षिप्त बार्षिक आर्थिक विवरणमा उल्लेख गरिएको छ ।
२. कर्मचारी बोनस शिर्षक अन्तर्गतको रकम बोनस ऐन तथा नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएको निर्देशन बमोजिम नै राखिएको हो ।
३. सर्बसाधारण शेयरधनीहरुका तर्फबाट ३ जना संचालक निर्वाचन गर्नुपर्ने नियमावलीको संसोधित व्यवस्था यस साधारण सभाबाट पारित भई कम्पनी रजिष्ट्रारको कार्यालयबाट अभिलेख भएपछि मात्र लागु हुने भएको हुँदा हालको व्यवस्था बमोजिम २ जना संचालकको मात्र निर्वाचन गरिएको हो ।
४. साधारणसभामा उपस्थित हुनुहुने शेयरधनी महानुभावहरुलाई भत्ताको व्यवस्था गर्न कानूनद्वारा बन्देज गरिएको हुंदा भत्ता दिन नसकिने जानकारी गराइयो ।
५. बैंकको कारोबार पहिलेको दाँजोमा धेरै बढेको र प्रतिस्पर्धात्मक वातावरण मा बैंकले दिने सेवाको प्रवर्द्धन गर्नु पर्ने हुँदा Advertisement खर्च सोही अनुपातमा बढ्न गएको हो ।
६. बैंकले Rural Micro Development Centre र Credit Information Bureau को शेयरमा मात्र लगानी गरेको छ ।
७. नेपाल राष्ट्र बैंकका तर्फबाट निर्देशीत एवम् निर्दीष्ट गरिएको ढांचामा नैं बैंकले आफ्नो आय व्ययको हिसाब किताब प्रस्तुत गर्नु पर्ने भएकोले सोही Format अनुसार नै Loan Loss Provision को विवरण प्रस्तुत गरिएको हो ।
८. शेयरधनी महानुभावहरुलाई यस बैंकमा खाता सञ्चालन गर्नको लागि छुट्टै शेयरहोल्डरस् खाताको व्यवस्था गरिएको छ ।
९. बैंकले सुनको कारोबार गर्दा पैठारी गरेको सुन मध्ये भुक्तानी नगरी सकेको तथा निर्यातकर्ताको स्वामित्वमा नै रहने सून आफ्नो वासलातमा Asset अन्तर्गत उल्लेख गर्न नमिल्ने भएकोले नगरिएको हो ।
१०. पुरानो खराब ऋणहरुको ब्याज Write Off गरिएका हुन ।
११. बैंकको क्षेत्रिय कार्यालयमा आफ्नै ATM मेशिन राख्नको लागि बैंक लागिपरेको छ ।
१२. नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम न्यूनतम पूँजी सम्बन्धी प्रावधान अनुसार बैंकको पुंजीको अवस्था र योजना निम्न बमोजिम रहेको छ ।
    - रकमको हिसावबाट नयाँ बैंकले रु. २०० करोड पूँजी पुर्याउनु पर्ने र पुराना बैंकले बि.स. २०७० साल सम्ममा रु. २०० करोड मध्ये चुक्ता पुँजी रु. १६० करोड र अन्य कोष रु.

४० करोड गरी पुऱ्याउनु पर्ने व्यवस्था रहेको हुँदा सोही अनुसार बैंकको Capital Plan रहेको छ ।

- पूँजी सम्बन्धी अर्को प्रावधान अनुसार बैंकको सम्पूर्ण सम्पत्ति (जोखिम र अन्य सबै) को लागि बासल २ फ्रेमवर्क अन्तरगत १० प्रतिशत पुऱ्याउनु पर्छ, तदनुसार यो बैक २०६४/६५ को अन्त्यमा १२ प्रतिशतभन्दा माथि नै रहेको छ । अत हाल सम्म पूँजीको हिसावले बैंक सुदृढ रहेको छ ।

१३. बैंकले कर्पोरेट कार्यालयको लागि कमलादी, काठमाण्डौमा दुई रोपनी र बिराटनगर शाखा कार्यालयका लागि गोल्छाचोक, बिराटनगरमा २३ धुर जग्गा खरिद गरिएको जानकारी गराईयो ।

१४. Staff Motivate गर्न र Employee Retention गर्न बैंकको व्यवस्थापनले संवेदनशील भै ध्यान दृष्टि पुर्याउदै आएको छ । साथै बैंकले कर्मचारीहरुलाई स्वदेशमा र विदेशमा समेत तालिमका लागि पठाउने व्यवस्था गर्दै आएको छ ।

१५. बैंकको वासलातबाट पनि बैंकको Liquid Assets रु. ४ अर्व भन्दा बढी छ जुन तरलता जोखिम व्यवस्थापनको लागि पर्याप्त हुन्छ ।

१६. Capital Base बढाउन बैंक लागि परेको छ ।

१७. पूंजी बृद्धिको गतिसंगै नाफा बढेन भने लाभांश प्रदान गर्ने क्षमता र Equity मा Servicing गर्ने क्षमता कम हुदै जान्छ भने धेरै ठुलो पुँजी भएको अवस्थामा प्रतिफल कम हुन जाने हुन्छ र भविष्यमा शेयरको दोस्रो बजार समेत प्रभावित हुन सक्छ । बैक Capital Plan अनुसार अगाडी बढ्दै गएको छ । पूंजी नपुग्ने अवस्था आएको खण्डमा साधारण शेयर वा वोनस शेयर वा हकप्रद शेयर जारी गरेर भए पनि पूंजीको व्यवस्था गरिनेनै छ ।

१०. **<u>सभाको निर्णय:</u>**

**(क) सामान्य प्रस्ताव:**

१) छलफलको लागि सभामा प्रस्तुत विषय सूचीको (१) बमोजिम संचालक समितिको प्रतिवेदन उपर छलफल भइसकेकोले सो लाई पारित गरियोस् भनी अध्यक्षज्यूले निर्णयार्थ राख्नु भएको प्रस्ताव सभाले ध्वनी मतका साथ सर्वसम्मतिले पारित गऱ्यो ।

२) विषय सूचीको (२) बमोजिम लेखापरीक्षकको प्रतिवेदनसहितको २०६५ साल आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०६४/६५ को नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरणलाई पारित गरियोस् भनी अध्यक्षज्यूले प्रस्ताव राख्नु भएपछि छलफलपश्चात् सभाले ध्वनी मतका साथ सर्वसम्मतिबाट पारित गऱ्यो ।

३) विषय सूचिको (३) बमोजिम संचालक समितिले सिफारिस गरेको ३१ आषाढ २०६५ मा समाप्त भएको आर्थिक बर्षमा संचित नाफाबाट चुक्ता पूंजीको १.०५२६% लाभांश प्रस्तावलाई स्वीकृती प्रदान गरियोस् भनी अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव करतल ध्वनीकासाथ सहर्ष सर्वसम्मतिले पारित गरियो ।

४) विषय सूचीको (४) बमोजिम आर्थिक वर्ष ~~२०६४/६५~~ २०६५/६६ का लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने प्रस्ताव अध्यक्षज्यूले सभामा प्रस्तुत गर्नु भएपछि बहादवाला लेखापरीक्षक श्री गोपाल प्रसाद राजवाहक (जि.पि. राजवाहक एण्ड कम्पनि) चार्टर्ड एकाउन्टेण्टलाई रु. १,४०,०००/- (एक लाख चालीस हजार रुपैया मात्र) पारिश्रमिक दिने गरी लेखापरीक्षकमा नियुक्ति गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

५) विषय सूचीको (५) बमोजिम समुह “ख” का सर्वसाधारण शेयरधनीहरुमध्येबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकहरुको निर्वाचनका लागि श्री राजेन्द्र अर्याल र श्री विरेन्द्र कुमार संघईको मात्र मनोनयनपत्र दर्ता हुन आएको हुँदा निर्वाचन अधिकृत वरिष्ठ अधिवक्ता श्री राम प्रसाद सिटौलाज्यूले वहाँहरु निर्विरोध निर्वाचित हुनु भएको घोषणा गर्नुभयो । सभाले करतल ध्वनीका साथ पुनर्निर्वाचित संचालकहरुको नियुक्तिको अनुमोदन गर्दै स्वागत अभिवादन प्रकट गऱ्यो ।

(ख) **विशेष प्रस्तावः**

१) विषय सूचीको (१) बमोजिम संचालक समितिले सिफारिस गरे बमोजिम हाल कायम ५ शेयरमा १ (बीस प्रतिशत) बोनस शेयर सम्बन्धी विशेष प्रस्तावलाई स्वीकृति प्रदान गरियोस् भनी अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव करतल ध्वनीका साथ सहर्ष सर्वसम्मतिले पारित गरियो । बोनस शेयर वितरण गर्दा दशमलब पछि आउने कित्ताका लागि पूरा एक शेयर जारी गर्न नमिल्ने हुनाले बैंकले ५:१ को अनुपातमा पूरा शेयरको मात्र प्रमाणपत्र दिने र दशमलब पछि आउने कित्तालाई सम्बन्धित शेयरधनीको नाममा नै अभिलेख राखिने, तर लाभांश रकम वितरण गर्दा सबैलाई समानुपातिक रुपले प्राप्त हुन सक्ने गरी दशमलब पछिका कित्ताको समेत लाभांश दिइने छ । विद्यमान शेयरधनीले आफ्नो सम्पुर्ण शेयर अन्यलाई बिक्री गरेको खण्डमा नामसारी गर्दा दशमलब पछिका कित्ता (Fraction Shares) समेत खरीदकर्ताको नाममा दाखेल हुन गई विद्यमान शेयरधनीको पूरै अभिलेख खारेज हुने तर विद्यमान शेयरधनीले सम्पूर्ण शेयर बिक्री नगरी खण्डित शेयर मात्र बिक्री गरेमा दशमलब पछिका कित्ताको लगत खण्डित गरि बाँकी रहेको अन्तिम शेयरसम्म सर्ने र अन्तिम शेयर बिक्री गर्दाको अवस्थामा मात्र दशमलब पछिका कित्ता (Fraction Shares) समेत खरीदकर्ताको नाममा दाखेल हुन गई विद्यमान शेयरधनीको पूरै अभिलेख खारेज हुने सर्वसम्मतिबाट निर्णय गरियो ।

२) विषय सूची (२) बमोजिम समुह "क" का संस्थापक शेयरधनीहरुले हाल धारण गरेको चुक्ता पूंजीको ६५% शेयरमध्ये १४% शेयर "ख" समुहका सर्वसाधारण शेयरधनीको समुहमा रहने गरी नेपाल राष्ट्र बैंकको स्वीकृती बमोजिम साधारण शेयरतर्फ परिणत गर्ने सम्बन्धी विशेष प्रस्तावलाई स्वीकृति प्रदान गरियोस् भनी अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

३) विषय सूची (३) अन्तर्गतको सञ्चालहरुको बैठक भत्तामा बृद्धि सम्बन्धी प्रस्ताव प्रस्तुत भए पछी सभाको भावनालाई सम्मान गर्दै भत्ता बृद्धि नगरि साविक सरह नै कायम राख्दै प्रस्तुत प्रस्ताव फिर्ता लिएको जानकारी अध्यक्षज्यूले सभालाई गराउनुभयो ।

विषय सूची (१) र (२) बमोजिम पारित प्रस्तावका कारण बैंकको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने संलग्न अनुसूची बमोजिमको विशेष प्रस्ताव अध्यक्षज्यूले सभामा प्रस्तुत गर्नु भएपछि छलफल पश्चात सभामा उपस्थित सम्पूर्ण शेयरधनीहरुबाट प्रस्तावित संशोधनमा प्रबन्धपत्रको दफा ५(२), ५(३), ५(४)क, ५(४)ख र नियमावलीको नियम ८(२)(ख) मा देहाय बमोजिम संशोधन गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

**प्रबन्धपत्र तर्फ**

| हालको दफा/उपदफा/शिर्षक | हालको व्यवस्था | संशोधित दफा/उपदफा/शिर्षक | संशोधित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|---|
| ५ (२) | बैंकको तत्काल जारी पूंजी रु. ९५,०४,००,०००।- (रु. पन्चानब्बे करोड चार लाख मात्र) हुनेछ । उक्त पूंजीलाई रु. १००।- दरका पन्चानब्बे लाख चार हजार थान साधारण शेयरमा विभाजन गरिएको छ । | ५ (२) | बैंकको तत्काल जारी पूंजी रु. १,१४,०४,८०,०००।- (रु. एक अर्ब चौध करोड चार लाख असी हजार मात्र) हुनेछ । उक्त पूंजीलाई रु. १००।- दरका एक करोड चौध लाख चार हजार आठ सय थान साधारण शेयरमा विभाजन गरिएको छ । | बोनस शेयर जारी गर्न गरिएको प्रस्ताव अनुसार जारी पूंजी बृद्धि गर्नु पर्ने भएकाले । |
| ५ (३) | बैंकको तत्काल चुक्ता | ५ (३) | बैंकको तत्काल चुक्ता पूंजी | बोनस शेयर जारी गर्न |

| | | | | |
|---|---|---|---|---|
| | पूँजी रु. ९५,०४,००,०००।- ( पन्चानब्बे करोड चार लाख मात्र) हुनेछ । उक्त पूँजीलाई रु. १००।- दरका पन्चानब्बे लाख चार हजार थान साधारण शेयरमा विभाजन गरिएको छ । | | रु. १,१४,०४,८०,०००।- (रु. एक अर्ब चौध करोड चार लाख असी हजार मात्र) हुनेछ । उक्त पूँजीलाई रु. १००।- दरका एक करोड चौध लाख चार हजार आठ सय थान साधारण शेयरमा विभाजन गरिएको छ । | गरिएको प्रस्ताव अनुसार चूक्ता पूंजी बृद्धि गर्नु पर्ने भएकाले । |
| ५(४)क | समुह "क" का संस्थापक शेयरधनीहरुको ६५ प्रतिशत । | ५(४)क | समुह "क" का संस्थापक शेयरधनीहरुको ५१ प्रतिशत । | नेपाल राष्ट्र बैंकबाट जारी भएको परिपत्र र प्राप्त स्वीकृती बमोजिम समुहगत संरचनामा हेरफेर भएकोले । |
| ५(४)ख | समुह "ख" का सार्वजनीक रुपमा बिक्री गरिने शेयरधनीहरुको ३५ प्रतिशत । यस समुहका लागि छुट्याईएको शेयर मध्येबाट बढीमा ५ प्रतिशतसम्म शेयर बैंकका कर्मचारीलाई छुट्याई सञ्चालक समितिको निर्णय बमोजिम बिक्री वितरण गर्न सकिनेछ । | ५(४)ख | समुह "ख" का सार्वजनीक रुपमा बिक्री गरिने शेयरधनीहरुको ४९ प्रतिशत । यस समुहका लागि छुट्याईएको शेयर मध्येबाट बढीमा ५ प्रतिशतसम्म शेयर बैंकका कर्मचारीलाई छुट्याई सञ्चालक समितिको निर्णय बमोजिम बिक्री वितरण गर्न सकिनेछ । | नेपाल राष्ट्र बैंकबाट जारी भएको परिपत्र र प्राप्त स्वीकृती बमोजिम समुहगत संरचनामा हेरफेर भएकोले । |

**नियमावली तर्फ**

| हालको नियम/उपनियम/शिर्षक | हालको व्यवस्था | संशोधित नियम/उपनियम/शिर्षक | संशोधित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|---|
| ८(२)(ख) | सर्वसाधारण समुह (समुह "ख") का शेयरधनीबाट निर्वाचित २ जना । | ८(२)(ख) | सर्वसाधारण समुह ( समुह "ख") का शेयरधनीहरुबाट निर्वाचित ३ जना । | नेपाल राष्ट्र बैंकको परिपत्र बमोजिम समूहगत संरचना अनुसार संचालक समितिमा प्रतिनिधित्व गराउनु पर्ने भएकोले । |

सभाबाट पारित भई संशोधन भएको उपर्युक्त प्रबन्धपत्र तथा नियमावली कम्पनी रजिष्ट्रारको कार्यालय लगायत अन्य निकायबाट स्विकृती गराउन आवश्यकता अनुसार प्रबन्धपत्र तथा नियमावलीको मूल मर्म र भावनामा असर नपर्ने गरी सामान्य संशोधन समेत गर्ने लगायतका आवश्यक काम कारवाही सम्पन्न गर्न प्रमुख कार्यकारी अधिकृतलाई अख्तियारी दिने समेत सर्वसम्मतिबाट निर्णय गरियो ।

(ग) विविध अन्तर्गत केही विषय नभएकोले कुनै छलफल भएन ।

तत्पश्चात् अध्यक्षज्यूले यस सभाको सूचनासाथ पठाइएको छलफलको सूचीमा परेको सम्पुर्ण विषयहरु सामान्य र विशेष प्रस्तावको रुपमा सभामा पेश भएको र सोमा छलफल भई प्रस्तुत प्रस्तावहरु सभाबाट पारित भएको घोषणा गर्नुभयो ।

अन्त्यमा अध्यक्षज्यूले शेयरधनी महानुभावहरुले वार्षिक साधारण सभाको माध्यमबाट समय समयमा हामीलाई मुल्यवान सल्लाह सुझाव दिई राख्नुहुन्छ, जसबाट हामीलाई नीति निर्धारण एवम् बैंकको कृयाकलापलाई नयाँ दिशा एवम् गति दिनमा महत्पुर्ण सहयोग प्राप्त हुन जान्छ भन्दै, बैंकको भविष्य सुनिश्चित र उज्वल भएको र आउने दिनहरुमा शेयरधनीहरुलाई यथोचित प्रतिफल दिन बैंक सक्षम भएकोमा आफु विश्वस्त रहेको वताउनु भयो । साथै अध्यक्षज्युले शेयरधनीहरुलाई लगानीको प्रतिफल दिनु पर्दछ भन्ने कुरा कहिल्यै विर्शेको छैन र आजसम्म पनि बैंकको आर्जन परिस्थिती केन्द्रीय बैंकको नीति निर्देशनको परिधिभित्र रही यथासक्य प्रतिफल दिनु नै रहेको स्पष्ट गराउनु हुँदै कुनै पनि काम बैंकले निर्धारण गरेको योजनाबद्ध रणनीति अन्तर्गत नै रहेर गर्नुपर्ने हुँदा हकप्रद शेयरको विषयलाई लिएर आतुरता वा व्यग्र नभईदिन अनुरोध गर्दै शेयरधनीहरुको चाहनालाई गंभिरतापूर्वक लिई चालु आर्थिक बर्षको समिक्षा गर्दा यसलाई उच्च प्राथमिकता दिने छौं भनि सभालाई आश्वस्त पार्नु भयो । यसै अवसरमा सर्वसाधारण शेयरधनीहरुका तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्नु हुने पुर्न:निर्वाचित संचालक सदस्यहरु श्री राजेन्द्र अर्याल र श्री बिरेन्द्र कुमार संघईलाई उहाँहरुको पछिल्लो उपलब्धिमूलक कार्यकालका लागि धन्यवाद प्रदान गर्दै आगामि कार्यकालमा समेत प्रभावकारी सहयोग प्राप्त हुने कुरामा विश्वास व्यक्त गर्नु भयो । त्यसैगरी सौहार्दपूर्ण वातावरणमा सन्तोषप्रद तरिकाले निर्वाचनको कार्य सम्पन्न गर्नु/गराउनु भएकोमा निर्वाचन अधिकृत वरिष्ठ अधिवक्ता श्री रामप्रसाद सिटौला र उहाँका सहयोगीहरुलाई धन्यवाद प्रदान गर्नु भयो । साथै शेयरधनी महानुभावलाई उहाँहरुले गर्नु भएको सहृदय समर्थनको लागि आभार प्रकट गर्दै आजको यो एघारौं बार्षिक साधारण सभाको कार्यक्रम समाप्त भएको घोषणा गर्नु भयो ।

| | | |
|---|---|---|
| निरज श्रेष्ठ | सशिन जोशी | जगदीश प्रसाद अग्रवाल |
| कम्पनी सचिव | प्रमुख कार्यकारी अधिकृत | अध्यक्ष |